# कार्यपालिका बैठक माइन्युट

| मिति | २०८१।१२।३०, शनिबार | बैठक संख्याः | १४ (आर्थिक वर्ष २०८१।०८२) |
|---|---|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष | | |

उपस्थितिः

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य- सचिव | |

## एजेन्डाहरू

| |
|---|
| १. अघिल्लो बैठकको समीक्षा |
| २. विद्यालय समायोजन एवम् दरवन्दी मिलान सम्बन्धमा |
| ३. कक्षा ८ को ग्रेड मिलान परीक्षा सम्बन्धमा |
| ४. बाख्रा सुंगुर वंगुरका पाठापाठी साटासाट कार्यविधि संसोधन सम्बन्धमा। |
| ५. बन्दीपुर अस्पतालका लागि अत्यावश्यक सामाग्री खरीद सम्बन्धमा। |
| ६. ठेक्का म्याद थप। |
| ७. ५०% अनुदानमा आधुनिक कृषि मेसिनरी लाभग्राही छनोट तथा अधिकतम मूल्य सिमा तोक्ने सम्बन्धमा |
| ८. कफी खेति प्रवर्धन कार्यक्रम सम्बन्धमा। |
| ९. नमुना सुन्तला बगैचा स्थापना सहित गुरु किसान परिचालन र क्षेत्र विस्तार सम्बन्धमा। |
| १०. ५०% अनुदानमा मौरी पालनका लागि क्षेत्र पहिचान तथा विस्तार कार्यक्रममा सम्बन्धमा। |
| ११. विविध |

# मितिः २०८१।१२।३० को कार्यपालिका बैठकका निर्णयहरु

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर,तनहुँ गण्डकी प्रदेश,नेपाल २०७३

<table>
<tr><th>निर्णय संख्या</th><th>निर्णय संग सम्बन्धित शाखा</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>प्रशासन</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको कार्यान्वयनको बारेमा छलफल गरी समीक्षा गरियो ।</td></tr>
<tr><td>२.</td><td>महिला बालबालिका शाख</td><td>बालविवाह र बालश्रम न्यूनीकरणको अभिमुखीकरण कार्यक्रम सञ्चालनका लागि प्रत्येक वडा बाट तपशिल बमोजिमका १/१ वटा टोलविकास संस्था छनोट गरी प्रति टोल विकास संस्था रु १५ हजारका दरले रकम विनियोजन गर्ने निर्णय गरियो ।<br>तपशिलः<br><table><tr><th>वडा नं</th><th>टोल विकास संस्थाको नाम</th></tr><tr><td>१</td><td>नाहाला टोल विकास संस्था</td></tr><tr><td>२</td><td>प्रगति टोल विकास संस्था</td></tr><tr><td>३</td><td>रामकोट टोल विकास संस्था</td></tr><tr><td>४</td><td>जुम डाँडा टोल विकास संस्था</td></tr><tr><td>५</td><td>भुजेल गाउँ टोल विकास संस्था</td></tr><tr><td>६</td><td>बाक्से हटीया टोल विकास संस्था</td></tr></table></td></tr>
<tr><td>३.</td><td>शिक्षा तथा खेलकुद शाखा</td><td>कक्षा ८ को परीक्षामा अनुतिर्ण विद्यार्थीहरुमध्ये तीन विषय लागेकाहरूलाई ग्रेड वृद्धि परीक्षामा समावेश गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>४.</td><td>शिक्षा तथा खेलकुद शाखा</td><td>बन्दीपुर वडा नं ६ मा अवस्थित श्री जय नेपालआ.वि. लाई श्री उदय आ.वि.मा तथा वडा नं. १ मा अवस्थित ज्योति आ.वि. लाई सोही वडा मा रहेको पवित्र मा.वि.मा वाल कक्षा साविककै विद्यालयहरूमै सञ्चालन हुनेगरी समायोजन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५.</td><td></td><td>यस बन्दीपुर गाउँपालिका भित्र संचालित सम्पूर्ण विद्यालयहरुमा बन्दीपुर गाउँपालिका शिक्षा ऐन २०७५ ( संसोधन सहित) को परिच्छेद ५ दफा २५ अनुसारको प्रधानाध्यापकको व्यवस्थापन गर्ने व्यवस्था भएकोले क्रमश पहिलो चरणमा माध्यमिक विद्यालयहरुमा अनिवार्यरुपमा तोकिए अनुसारको प्रधानाध्यापक व्यवस्थापन गर्ने निर्णय गरियो साथै उक्त कार्यको लागि विद्यालयहरुमा तुरुन्तै पत्राचार गरि कार्यान्वयन गराउन निर्देशन समेत गर्ने साथै कुनै विद्यालयले सो ऐन अनुसार प्रधानाध्यापकको नियुक्ति नगरेको खण्डमा विद्यालय व्यवस्थापन समिति लाई समेत कारबाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।</td></tr>
<tr><td>६.</td><td>शिक्षा तथा खेलकुद शाखा</td><td>यस बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको शिक्षा ऐन २०७५( संसोधन सहित) र विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलन सम्बन्धि निर्देशिका २०८१ अनुसार तपसिल बमोजिम शिक्षक दरबन्दी मिलान सहित कामकाज/सरुवा गर्ने निर्णय गरियो साथै आवश्यक अनुमोदनका लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।<br>तपशिलः<br><table><tr><th>क्र. स.</th><th>शिक्षकको नाम</th><th>हाल कार्यरत विद्यालय</th><th>दरबन्दी मिलन सहित कामकाज/सरुवा</th><th>तह</th><th>कैफियत</th></tr></table></td></tr>
</table>

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर,तनहुँ
गण्डकी प्रदेश,नेपाल
२०७३

## मितिः २०८१।१२।३० को कार्यपालिका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समायोजन गरिएको विद्यालय | | |
| १. | बिशाल गौतम | अरुण माध्यमिक विद्यालय बन्दीपुर -६ | कालिका माध्यमिक विद्यालय बन्दीपुर -२ | माध्यमिक तह | (अंग्रेजी ) |
| २. | भिम रानाभाट | भानु माध्यमिक विद्यालय बन्दीपुर-४ | शिब माध्यमिक विद्यालय बन्दीपुर -३ | माध्यमिक तह | (अंग्रेजी) |
| ३. | विष्णु श्रेष्ठ | भानु माध्यमिक विद्यालय बन्दीपुर-४ | विष्णु माध्यमिक विद्यालय बन्दीपुर -१ | माध्यमिक तह | (विज्ञान ) |
| ४. | ऋषिराम ढकाल | विष्णु माध्यमिक विद्यालय बन्दीपुर -१ | भानु माध्यमिक विद्यालय बन्दीपुर-४ | माध्यमिक तह | काज फिर्ता (बिज्ञान) |
| ५. | हेमन्त दानी | शिब माध्यमिक विद्यालय बन्दीपुर-३ | पाबित्रा माध्यमिक विद्यालय बन्दीपुर-१ | निम्नमाध्यमिक तह | सामाजिक |
| ६. | राम बहादुर पौडेल | जयनेपाल प्रा वि बन्दीपुर-६ | अरुण माध्यमिक विद्यालय | प्राथमिक तह | |
| ७. | रिक्त | त्रिभुवन प्रा वि बन्दीपुर-५ | अरुण माध्यमिक विद्यालय | प्राथमिक तह | बिज्ञापन गर्ने |
| ८. | सपना श्रेष्ठ | अरुण मा वि बन्दीपुर-६ | पवित्रा मा वि बन्दीपुर-१ | प्राथमिक तह | |
| ९. | थम्बी थापा | अरुण मा वि बन्दीपुर -६ | पवित्रा मा वि बन्दीपुर -१ | प्राथमिक तह | |
| १०. | रिक्त | पवित्रा मा वि | त्रिभुवन प्रा वि बन्दीपुर-५ | स्वयम् सेवक शिक्षक | बिज्ञापन गर्ने |
| ११. | ठाकुर नैनाबस्ति | ज्योति प्रा वि बन्दीपुर-१ | शिब मा.वि बन्दीपुर-३ | प्राथमिक तह | |
| १२. | रोनिया कायस्थ | ज्योति प्रा वि बन्दीपुर-१ | जनता प्रा वि बन्दीपुर-१ | प्राथमिक तह | |
| १४. | मुना डल्लाकोटी | जनता प्रा वि बन्दीपुर-१ | बिष्णु माध्यमिक विद्यालय बन्दीपुर-१ | प्राथमिक तह | |
| १५. | विरेन्द्र के.सी | कालिका मा वि बन्दीपुर-२ | भानु माध्यमिक विद्यालय बन्दीपुर-३ | निम्नमाध्यमिक तह | नेपाली |
| १६. | रिक्त | शिब मा वि बन्दीपुर-३ | अरुण मा वि बन्दीपुर-६ | मा.वि अनुदान(अंग्रेजी) | विज्ञापन गर्ने |

| | | |
|---|---|---|
| ७. | **कृषि शाखा** | • बन्दीपुर गाउँपालिका वडा नं ५ थुम्का स्थित मिलिजुली कफी खेती कृषक समूहमा कफी खेति प्रवर्धनको लागि आवश्यक विरुवा, सिंचाई सामग्री, मल, कृषि औजार र तालिम संचालन गर्ने निर्णय गरियो ।<br>• नमुना सुन्तला बगैचा स्थापना सहित गुरु किसान परिचालन र क्षेत्र विस्तारको लागि |

बहादुर थापा
अध्यक्ष

## मितिः २०८१।१२।३० को कार्यपालिका बैठकका निर्णयहरु

| | | |
|---|---|---|
| | | वडा नं. ५ र ६ काकृषक, कृषक समूह, कृषि सहकारी सँग आवेदन माग गर्ने गरि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।<br>• ५०% अनुदानमा मौरी पालनका लागि क्षेत्र पहिचान तथा विस्तार कार्यक्रममा पेश हुन आएका आवेदनहरु छनोट गर्ने साथै कुल विनियोजित रकम ६.००,०००/ (छ लाख) मध्ये ५,००,०००/ ( पाँच लाख) गोला सहितको मौरी घार खरिद र बाँकी १,००,०००/ (एक लाख) मौरी सम्बन्धि ३ दिने तालिम छनोट भएका लाभग्राहीहरुलाई संचालन गर्ने निर्णय गरियो । |
| ८. | कृषि शाखा | कृषि मेसिनरी वितरण गर्ने गरी माग भएबमोजिम पर्न आएका आवेदनहरुमध्येबाट तपशिल बमोजिमका कृषकलाई छनोट गरी वितरण गर्न कृषि शाखालाई अनुमति प्रदान गर्ने निर्णय गरियो । |

**तपशिलः**

**१. च्याफ कटर (जनही २० हजार)**

| सि नं | कृषकको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मुलपानी अर्गानिक कृषक समूह | बन्दीपुर-४, झप्री | |
| २ | अन्जु थापा श्रेष्ठ | बन्दीपुर-१, नाहाला | श्रेष्ठ गाई पालन फर्म |
| ३ | बाबुराम वि.क. | बन्दीपुर-१, पिप्ले | |

**२. ब्रस कटर ( जनही १० हजार)**

| सि नं | कृषकको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | तुल बहादुर पौडेल क्षेत्री | बन्दीपुर -१ बानियाँटार | |
| २ | रुप बहादुर राना | बन्दीपुर -४ रामथोक | |
| ३ | विर्खलाल गुरूङ | बन्दीपुर -४ भैसेखार | |
| ४ | लक्ष्मी थापा | बन्दीपुर -५ कल्चोक | |
| ५ | ठाकुर सिं थापा | बन्दीपुर -५ कल्चोक | |

**३. ई स्प्रे जनही (२५ सय)**

| सि नं | कृषकको नामथर | ठेगाना | |
|---|---|---|---|
| १ | रामकुमार आले | बन्दीपुर-४ | |
| २ | भैमाया गुरूङ | बन्दीपुर-६ | |

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

# मितिः २०८१।१२।३० को कार्यपालिका बैठकका निर्णयहरु

| | | |
|---|---|---|
| ९. | पशुपंक्षी तथा मत्स्य विकास शाखा | • खरायो पालन विस्तार तथा साटासाट कार्यक्रम कार्यविधि २०८१ संसोधन सहित पारित गर्ने निर्णय गरियो ।<br>• विपन्न कृषकहरूलाई वंगुर/सुगुरको पाठापाठी साटासाट कार्यक्रम कार्यविधि २०८१ संसोधन सहित पारित गर्ने निर्णय गरियो ।<br>• विपन्न कृषकहरूलाई बाख्रा साटासाट कार्यक्रम कार्यविधि २०८१ संसोधन सहित पारित गर्ने निर्णय गरियो । |
| १०. | प्राविधिक शाखा | मिति २०७७/१०/१५ मा यस गाउँपालिका बाट नारायण के.सी. खत्री क्षेत्री को नाममा जारी घरनक्सा सम्पन्न प्रमाणपत्र को मिति २०८१/१०/०७ मा घरधनीले फिल्डमा बनेको घर र सम्पन्न प्रमाणपत्र तथा स्वीकृत नक्सामा भएको घरको क्षेत्रफल फरक परेको भनि निवेदन पेश गरेको र सो उपर मिति २०८१/१०/०७ मा यस गाउँपालिका बाट प्राविधिक निरीक्षण गर्दा घरधनी ले पेश गरेको निवेदन अनुसार नै फिल्डमा बनिसकेको घर र सम्पन्न प्रमाणपत्र एवंम नक्सामा फरक पाइएको हुँदा पहिले यस गाउँपालिका बाट जारी प्रमाणपत्रलाई खारेज गरि नयाँ हाल फिल्डमा भएको घरको नक्सा बमोजिमको निज घरधनिलाई घर नक्सा अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो । |
| ११. | प्राविधिक शाखा | मिति २०७६/०८/२९ मा यस गाउँपालिका र गाउँपालिका स्तरिय खेल मैदान निर्माण उपभोक्ता समिति बीच सम्झौता भएको गाउँपालिका स्तरिय खेल मैदान निर्माण योजनाको को हाल फिल्डमा देखिने भौतिक संरचनाहरुको यस गाउँपालिकाबाट प्राविधिक मुल्यांकन गरि गाउँपालिका स्तरिय अनुगम समितिबाट अनुगमन गरि सो बमोजिमको भुक्तानी गर्नको लागि निर्णयगरियो । |
| १२. | प्राविधिक शाखा | औधौगिक ग्राम निर्माणका लागि संघीय उद्योग मन्त्रालयबाट प्राप्त रु. ९२,००,०००.०० मध्येको रकम बाट औधोगिक ग्राम पहुँच मार्ग को रुपमा रहेको औधोगिक ग्राम को हाल अवस्थित मुख्य गेटबाट करिव ७०० मिटर दक्षिण (रिमाल्नी-भुंडाटार सडकखण्डसंग जोडिने) सडकको स्तरोन्नती तथा कालोपत्रे गर्ने एवंम् औधोगिक ग्राम कम्पाउण्ड बाहिर रहेको करिव २०० मिटर ग्रामिण सडकमा एकतर्फी नाला निर्माण गर्ने र बाँकि बजेटको विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम औधोगिक ग्राम घेराबार (Compound Wall) लगाउने निर्णय गरियो। |
| १३. | प्राविधिक शाखा | बन्दीपुर गाउँपालिकाको चालु आर्थिक वर्षमा निर्माणका चरणमा रहेका तपशिल बमोजिमका ठेक्काहरूको म्याद तपशिल बमोजिम थप गर्ने निर्णय गरियो । |

**तपशिलः**

| क्र. सं. | योजनाको नाम | ठेक्का नं. | म्याद कायम मिति | म्याद थप सहित कायम मिति |
|---|---|---|---|---|
| १ | Construction of Black Top Road from Rimalni to Bhudatar | BRM/NCB/WORKS/01/2081/082 | २०८१-१२-३१ | २०८२-०३-१० |

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

# मितिः २०८१।१२।३० को कार्यपालिका बैठकका निर्णयहरु

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २ | Construction of Black Top Road from Seratar to Ramkot | BRM/NCB/WORKS/02/2081/082 | २०८१-१२-३१ | २०८२-०३-१० |
| | | ३ | Upgrading of Dharapani Kukurdi Sukaura Road | BRM/NCB/WORKS/03/2081/082 | २०८१-१२-३१ | २०८२-०३-१० |
| | | ४ | Upgrading of Belbhanjyang Baniyatar Tamung Seratar Road | BRM/NCB/WORKS/04/2081/082 | २०८१-१२-३१ | २०८२-०३-१० |
| | | ५ | Construction of Black Top Road from Tindhara to Bahunbhanjyang Jhargaun Dharampani | BRM/NCB/WORKS/05/2081/082 | २०८१-१२-३१ | २०८२-०२-२७ |
| | | ६ | Construction of Stone Trial from Tharubas - Pauwa - Bandipur Tourism Path | BRM/NCB/WORKS/06/2081/082 | २०८१-१२-३१ | २०८२-०३-१० |
| | | ७ | Construction of Black Top Road from Sadhbhanjyang Ghamalchap Tamukhola | BRM/NCB/WORKS/07/2081/082 | २०८१-१२-३१ | २०८२-०२-३० |
| | | ८ | Additional Construction Works at Magar Museum | BRM/NCB/WORKS/08/2081/082 | २०८१-१२-३१ | २०८२-०१-३१ |
| | | ९ | Construction of Remaining Works of Bandipur Hospital | BRM/NCB/WORKS/09/2081/082 | २०८१-१२-३१ | २०८२-०१-३१ |
| | | १० | Upgrading of Bandipur-Khahare-Seratar-Sukhaura Road | BRM/NCB/WORKS/03/2080-081 | २०८०-१२-३० | २०८२-०३-१५ |
| १४. | पर्यटन शाखा | NWASH कार्यक्रमका लागि छनोट भएका गणकहरूको म्याद थप गरी असार मसान्त सम्म कायम गर्ने निर्णय गरियो। | | | | |
| १५. | पर्यटन शाखा | **पर्यटन प्रवर्धन शीर्षकबाट** QR वोर्ड खरिद तथा वुकलेट छपाइका लागि रु.८० हजार विनियोजन गर्ने निर्णय गरियो। | | | | |
| १६. | नवप्रवर्तन साझेदारी कार्यक्रम | क. गण्डकी प्रदेश मुख्यमन्त्री कार्यालयबाट आव्हान भएको १५ दिने सूचना अनुसार नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि बन्दीपुर वडा नं.३ को रामकोट, वडा नं. ४ को भैसेखार, वडा नं. ५ को कोरिखा तथा वडा नं. ६ को धरमपानी गाउँलाई नमुना गाउँको रूपमा स्तरोन्नती गर्ने कार्यक्रम गर्ने गरी रु २ करोड बराबरकोलागत अनुमान गरी सोको ३० प्रतिशतले हुन आउने रु ६० लाख गाउँपालिकाको आगामी वर्षको बजेटबाट सुनिश्चित हुनेगरी प्रस्ताव तयार गरी तोकीएको ढाँचामा पेश गर्ने निर्णय गरियो।<br>ख. सो कार्यक्रमको कार्यान्वयनका लागि तपशिल अनुसारको कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।<br>**तपशिल:** | | | | |

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

मितिः २०८१।१२।३० को कार्यपालिका बैठकका निर्णयहरु

| | | |
|---|---|---|
| | | (१) श्री परमेश्वर भट्टराई, वडाध्यक्ष वडा नं. ३<br>(२) श्री दानवहादुर थापा वडाध्यक्ष वडा नं. ४<br>(३) श्री ध्रव प्रसाद लामिछाने, वडाध्यक्ष वडा नं. ५<br>(४) श्री बलबहादुर गुरूङ, वडाध्यक्ष वडा नं. ६<br>ग. सो कार्यक्रमको लागि यस पालिकाबाट सम्पर्क अधिकृतको रुपमा पर्यटन शाखामा कार्यरत **श्री सुरज भट्टराई**लाई तोक्ने निर्णय गरियो । |
| १७. | स्वास्थ्य शाखा | स्वास्थ्य संस्था व्यवस्थापन तथा कार्यसञ्चालन खर्च शीर्षकमा विनियोजित रु ३ लाखलाई तपशिल बमोजिम बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।<br>**तपशिलः**<br>१) संचार खर्च रु ४८,०००।-<br>२) नागरिक वडापत्र, सूचना पाटी, सुझाव पेटिका, फलाम भर्याङ व्यवस्थापन रु१,००,०००।–<br>३) इलेक्ट्रिक सामान खरिद रु ४०,०००।–<br>४) प्लम्विङ सम्बन्धी सामाग्र खरिद रु १२,०००।- र<br>५)सरसफाईका सामाग्री खरिद रु १,००,०००।- |
| १८. | स्वास्थ्य शाखा | बन्दीपुर गाउँपालिका द्वारा आ.व.०८१/०८२ को स्वास्थ्य तर्फ औषधी उपकरण तथा औजार ढुवानी शिर्षकमा रु ३० लाख विनियोजन भएकोमा रु१० लाखले बन्दीपुर अस्पतालमा माग भएआएको सामाग्रीहरु खरिदका लागि वयवस्थापन गर्ने निर्णय गरियो । |
| १९. | स्वास्थ्य शाखा | बन्दीपुर गाउँपालिका द्धारा आ.व.०८१/०८२ को स्वास्थ्य तर्फ औषधी उपकरण तथा औजार ढुवानी शिर्षकमा रहेको रु ३० लाखमा १० लाख बाकी रहने हुदाँ सो लागतबाट अत्यावश्यक तथा आकस्मीक औषधी तथा औषधीजन्य सामाग्री खरिद गर्ने निर्णय गरियो । |
| २०. | बन्दीपुर अस्पताल | एक्सरे सेवाको सेवा प्रदायकलाई नियमित रुपमा सरकारी कार्यालय समय बिहानको १०:०० बजे देखि बेलुकीको ५:०० (जाडो मौसममा ४:००) बजे भन्दा बाहेकका समयमा र सार्बजनिक बिदाका दिनमा अनकल डिउटी गर्नुपर्ने भएको हुँदा आम्दानिमा आधारित प्रति केस (बीमा र नन-बीमा सबै) को एक्सरे सेवा शुल्कको २०% (बिस प्रतिशत) शुल्क प्रोत्साहन रकम स्वरूप उपलब्ध गराउने अस्पताल व्यवस्थापन समितिको निर्णयलाई अस्पताल सञ्चालन खर्चबाट भुक्तानी हुनेगरी अनुमोदन गर्ने निर्णय गरियो । |
| २१. | बन्दीपुर अस्पताल | ल्याब सेवाको सेवा प्रदायकलाई हरेक दिनको बेलुकीको ८:०० बजे पछी अर्को दिनको बिहानको ७:०० बजेसम्मको समयमा अनकल डिउटी गर्नुपर्ने भएको हुँदा आम्दानिमा आधारित प्रति केस (बीमा र नन-बीमा सबै) को एक्सरे सेवा शुल्कको १०% (दश प्रतिशत) शुल्क प्रोत्साहन रकम स्वरूप उपलब्ध गराउने अस्पताल व्यवस्थापन समितिको निर्णयलाई अस्पताल सञ्चालन खर्चबाट भुक्तानी हुनेगरी अनुमोदन गर्ने निर्णय गरियो । |
| २२. | बन्दीपुर अस्पताल | रात्रीकालिन सेवा उपलब्ध गराउनुहुने सबै बिभागका नाईट डिउटीमा रहनुहुने सो बिभागहरुका कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको नाईट खाजानस्ताको सुबिधा रकम उपलब्ध गराउने अस्पताल व्यवस्थापन समितिको निर्णयलाई अस्पताल सञ्चालन खर्चबाट भुक्तानी हुनेगरी |

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | | अनुमोदन गर्ने निर्णय गरियो । |
| २३. | बन्दीपुर अस्पताल | | भिडियो एक्सरे सेवा आफैंमा विशिष्टीकृत सेवा भएको हुँदा सेवा प्रदायक चिकित्सकलाई आम्दानिमा आधारित प्रति केस (बीमा र नन-बीमा सबै) को भिडियो एक्सरे सेवा शुल्कको ४०% (चालिस प्रतिशत) शुल्क प्रोत्साहन रकम स्वरूप उपलब्ध गराउने अस्पताल व्यवस्थापन समितिको निर्णयलाई अस्पताल सञ्चालन खर्चबाट भुक्तानी हुनेगरी अनुमोदन गर्ने निर्णय गरियो । |
| २४. | बन्दीपुर अस्पताल | | बन्दीपुर अस्पतालद्वारा शाखा कार्यालयको रुपमा सेवा बिस्तार गर्ने गरी योजना अघि बढाईएको हुँदा त्यस बन्दीपुर अस्पताल शाखा कार्यालय डुम्रेबाट बन्दीपुर अस्पताल प्रथम सेवा बिन्दु भएका स्वास्थ्य बीमितहरुलाई स्वास्थ्य बीमा अन्तर्गत स्वास्थ्य सेवा उपलब्ध गर्नका लागि लिखित सहमति उपलब्ध गरिदिनुहुन श्री स्वास्थ्य बीमा बोर्डलाई अनुरोध सहित पत्राचार गर्ने अस्पताल व्यवस्थापन समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । |
| | विविध | क. | मानवसेवा आश्रमका लागि रु ५० हजार **अन्य संस्था सहायता** शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो । |
| | | ख. | भूमि आयोगको समन्वय र सहजीकरणको लागि फोकल पर्सनको रूपमा पशु विकास अधिकृतको रुपका कार्यरत मधुविलास न्यौपानेलाई तोक्ने निर्णय गरियो । |
| | | ग. | सिद्दमाई आमा समुहको मिति २०८१।१२।२९ को हावाहुरीले उडाएको छाना मर्मतका लागि रु १५ हजार विपद्व्यवस्थापन शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो । |
| | | घ. | मिति २०८१।१२।२९ मा वन्दीपुर वडा नं. २ कामी डाँडा निवासी इस्बु वि.क.को छोरी अनुजा वि.क.को वाघको आक्रमणमा परी मृत्युभएकोहुँदा निजको परिवारलाई रु ५० हजार क्षतिपूर्ति स्वरूप दिने गर्ने निर्णय गरियो । |
| | | ङ. | बन्दीपुर गाउँपालिका वडा नं. २ निवासी लक्ष्मण नेपालीको छोरा सुरज वि.क. को वैदेशिक रोजगारीको क्रममा मृत्यु भएको र निजको आर्थिक अवस्था कमजोर भएको कारण क्रिया खर्च स्वरूप रु १० हजार दिने निर्णय गरियो । |
| | | च. | बन्दीपुर गाउँपालिका वडा नं.५ कल्चोक निवासी सुक्र कुमालको छोराको मृत्यु भएको र निजको आर्थिक अवस्था कमजोर भएको कारण क्रिया खर्च स्वरूप रु १० हजार दिने निर्णय गरियो । |
| | | छ. | बन्दीपुर गाउँपालिका वडा नं. २ मोहोरीया मा रहेको पिपलको रूखको हाँगा काटछाँट र व्ययवस्थापन का लागि रु ४० हजार तथा पौवामा रहेको ४ वटा पिपल र १ वटा वरको रूखको हाँगा काटछाँटका लागि रु ३५ हजार गरी जम्मा रु ७५ हजार वडा नं. २ को वार्षिक बजेट कार्यक्रम शीर्षक **चौतारा तथा कुवा मर्मत** बाट विनियोजन गरि भुक्तानी गर्ने निर्णय गरियो । |
| | | ज. | तापनाली बाटो सरसफाईका लागि रु ३० हजार विनियोजन गर्ने निर्णय गरियो । |

सुरेन्द्र बहादुर थापा
अध्यक्ष